गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(आन्तरिक मामिला, शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन शाखा)

अतिजरुरी

पोखरा, कास्की
नेपाल।

पत्र संख्या : २०८३/८४
चलानी नं.: १०३२

मितिः २०८३।०६।०८

श्री मन्त्रालय (सबै),
गण्डकी प्रदेश, पोखरा ।

विषयः **मनसुनजन्य विपद्बाट सुरक्षित रहन उच्च सतर्कता अपनाउने ।**

प्रस्तुत विषयमा जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाबाट जारी मनसुन विशेष मौसम बुलेटिन अनुसार यही असोज ९ गतेदेखि ११ गतेसम्म गण्डकी प्रदेशका विभिन्न स्थानमा मेघगर्जन, चट्याङ, हावाहुरीसहित भारीदेखि अति भारी वर्षा हुन सक्ने पूर्वानुमान रहेको छ। उक्त अवधिमा बाढी, डुबान, पहिरो तथा अन्य मनसुनजन्य विपद्का घटना हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै जनधनको क्षति न्यूनीकरण तथा प्रभावकारी प्रतिकार्यका लागि देहायबमोजिम गर्नु/गराउनु हुन आदेशानुसार अनुरोध छ।

१. मन्त्रालय तथा मातहतका निकायलाई उच्च सतर्क अवस्थामा राखी आवश्यक जनशक्ति, सवारीसाधन, उपकरण तथा उद्धार सामग्री तयारी अवस्थामा राख्ने।

२. सम्भावित विपद् प्रतिकार्यमा आवश्यक पर्ने कर्मचारीहरूलाई उक्त अवधिमा विदामा नछोड्ने तथा आवश्यकतानुसार तत्काल परिचालन गर्न सकिने गरी ड्युटी रोस्टर र सम्पर्क सूची अद्यावधिक राख्ने।

३. बाढी, डुबान, पहिरो तथा कटानको जोखिमयुक्त क्षेत्र, नदी, खोलानाला, सडक तथा पुलपुलेसाको अवस्था निरन्तर अनुगमन गरी जोखिम बढेको अवस्थामा तत्काल आवश्यक सुरक्षा तथा प्रतिकार्यका उपाय अवलम्बन गर्ने।

४. जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्य संस्था तथा अन्य सरोकारवाला निकायसँग निरन्तर समन्वय र सम्पर्क कायम गरी आवश्यकता अनुसार विपद व्यवस्थापन कार्य सञ्चालन गर्ने।

५. जल तथा मौसम विज्ञान विभागलगायत आधिकारिक निकायबाट प्राप्त पूर्वसूचना तत्काल सम्बन्धित निकाय तथा नागरिकसमक्ष सम्प्रेषण गर्ने र जोखिमयुक्त स्थानमा आवतजावत नगर्न/नगराउन सूचना प्रवाह गर्ने।

६. विपद्बाट भएको जनधन तथा पूर्वाधारको क्षतिको विवरण तत्काल सङ्कलन गरी सम्बन्धित निकाय तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा यथाशीघ्र जानकारी गराउने।

**बोधार्थः**
श्री जिल्ला प्रशासन कार्यालय (सबै)
गण्डकी प्रदेश।

२०८३।०६।०८
............................
(अशोक कुमार नेपाली)
उपसचिव